नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

### प्रेस विज्ञप्ती

आज मिति २०८२/०५/०६ गतेका दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक विशेष कार्यक्रमको आयोजना गरी आ.व. २०८०/०८१ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको गुणस्तर परीक्षण पश्चातको नतिजा सार्वजनिक तथा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको शुभारम्भ गरेको छ । कार्यक्रम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री रविलाल पन्थज्यूको अध्यक्षता र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री भगवती न्यौपानेको विशेष उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रममा काठमाडौं उपत्यका भित्रका नगरप्रमुख तथा प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्रतिनिधित्व रहेको कार्यक्रममा मन्त्रालयका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा मन्त्रालयका सहसचिव एवं सङ्घीय मामिला महाशाखा प्रमुख श्री प्रकाश दाहालले कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नु भएको थियो । यसै गरी मन्त्रालयका उपसचिव एवं स्थानीय तह समन्वय शाखा प्रमुख श्री रेशम कँडेलले नतिजा प्रतिवेदन र नयाँ प्रणालीको सार संक्षेप प्रस्तुत गर्नु भएको थियो। मन्त्रालयका माननीय मन्त्री श्री भगवती न्यौपाने र सचिव श्री रविलाल पन्थले संयुक्त रुपमा गुणस्तर परिक्षण पश्चातको नतिजा प्रतिवेदन सार्वजनिक गर्दै उच्चतम अंक प्राप्त गर्ने तीन/तीन वटा गाउँपालिका र नगरपालिकाको नाम समेत सार्वजनिक गर्नुभएको थियो । नगरपालिकाहरु मध्ये क्रमश: प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका नीलकण्ठ नगरपालिका धादिङ, खैरहनी नगरपालिका चितवन र तिलोत्तमा नगरपालिका रुपन्देही, एवं गाउँपालिकाहरु मध्ये क्रमश प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने बेनिघाट रोराङ गाउँपालिका धादिङ, रुरुक्षेत्र गाउँपालिका गुल्मी र अर्जुनचौपारी गाउँपालिका स्याङ्जालाई मन्त्रालयको तर्फबाट प्रशंसा पत्र सहित सम्मान गरिएको थियो ।

उच्चतम अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गर्ने गाउँपालिका र नगरपालिकाले स्वमूल्याङ्कनको विषयमा आ-आफ्ना अनुभव तथा सिकाइहरु आदान प्रदान गरेका थिए । कार्यक्रममा स्थानीय तह संघ/महासंघका अध्यक्ष तथा प्रतिनिधिको तर्फबाट उच्चतम अङ्क प्राप्त गर्ने स्थानीय तहलाई बधाई तथा शुभकामना व्यक्त गरिएको थियो ।कार्यक्रममा माननीय मन्त्री भगवती न्यौपानेले गुणस्तर परीक्षणको नतिजामा उत्कृष्ट स्थान हासिल गर्ने नगरपालिका र गाउँपालिकालाई विशेष वधाई तथा धन्यवाद व्यक्त गर्दै आज शुभारम्भ भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई सबै गाउँपालिका र नगरपालिकाले प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याई शासकीय अभ्यासको उच्चतम प्रयोग गर्नेमा समेत विश्वास व्यक्त गर्नुभयो ।यसै क्रममा मन्त्री न्यौपानेले गाउँपालिका र नगरपालिकाले संस्थागत क्षमता स्वमूल्याङ्कन मार्फत शासकीय अभ्यासमा देखाएको अग्रसरताले सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय र सुशासनमा टेवा पुगेको र आज शुभारम्भ भएको नयाँ प्रणालीले गाउँपालिका र नगरपालिकाको शासकीय अभ्यासलाई थप उचाइमा पुऱ्याई नागरिक सन्तुष्टि हासिल गर्ने विश्वास समेत व्यक्त गर्नु भयो। कार्यक्रमको समापनका क्रममा मन्त्रालयका सचिव श्री रविलाल पन्थले स्वमूल्याङ्कन प्रकृयामा सहभागी सम्पूर्ण गाउँपालिका र नगरपालिकालाई धन्यवाद दिंदै गुणस्तर परिक्षणमा उत्कृष्ट स्थान हासिल गर्ने गाउँपालिका र नगरपालिकालाई वधाई समेत व्यक्त गर्नुभयो। । नागरिकको नजिकमा रहि राज्यको शासकीय इकाईको रुपमा अभ्यास गरिरहेका स्थानीय तहले संस्थागत क्षमताको स्वमूल्याङ्कन गरी प्राप्त नतिजालाई वस्तुनिष्ठ बनाउँदै स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमार्फत थप सुधार र परिस्कृत हुन सहयोग पुग्ने कुरा व्यक्त गर्नुभयो । स्थानीय सरकारको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउनको लागि मन्त्रालयले केन्द्र सरकार र स्थानीय तहबीच सम्पर्क सेतुको रुपमा भूमिका निर्वाह गर्न मन्त्रालय सदैव तत्पर रहने बताउनु भयो ।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यान आ.व. २०७६।७७ बाट शुरु गरिएको भएतापनि मन्त्रालयले गुणस्तर परीक्षण गरी नतिजा प्रतिवेदन सार्वजनिक गरेको यो दोस्रोपटक हो ।मन्त्रालयले विगतमा कार्यन्वयनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली, स्थानीय तह आर्थिक सुशासन जोखिम मूल्याङ्कन प्रणाली र स्थानीय आर्थिक विकास मूल्याङ्कन प्रणालीलाई एकिकरण गरी आ.व.२०८२/८३ देखि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली कार्यन्वयनमा ल्याएको छ ।

मिति: २०८२/०५/०६

(प्रकाश दाहाल)
सह सचिव